नेपाल सरकार

# ऊर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालय
# वुढीगण्डकी जलविद्युत आयोजनाको
# वातावरण,मुआब्जा वितरण,पुनर्वास तथा पुनर्स्थापना इकाई

**गण्डकी गाउँपालिका -८, सिउरेनीटार, गोरखा**

## सिलबन्दी दरभाउपत्रको म्याद थप गरिएको

**सुचना प्रकाशित मिति : २०७७।०३।०५**

यस आयोजनाको आ.ब. २०७६।७७ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम कार्यालयमा रहेको पुराना भवनहरुमा रङरोगन कार्य गर्नको लागि मिति २०७६।१२।०६ को नागरिक दैनिक पत्रिकामा सुचना प्रकासन गरि सिलबन्दी दरभाउपत्र आह्वान गरिएकोमा कोरोना भाइरसको जोखिमसँगै नेपाल सरकारले घोषणा गरेको देशव्यापी लकडाउनका कारण खरिद प्रकृया प्रभावित हुन पुगेको र सार्बजनिक खरिद अनुगमन कार्यालयको मिति २०७७।०१।०३ तथा मिति २०७७।०१।१५ को परिपत्र बमोजिम खरिद प्रकृया अगाडि बढाउनुपर्ने भएकोले योग्यता पुगेको फर्म र कम्पनीहरुले तपशिल बमोजिमका सर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र दाखिला गर्ने र खोल्ने म्याद थप गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकासन गरिएको छ ।

१. योग्यता पुगेका दरभाउ पत्रदाताहरुले दरभाउपत्र सम्बन्धि कागजातहरु हेर्न र बुढिगण्डकी जलविद्‌युत आयोजना सिउरेनिटार गोरखा कार्यालयबाट दरभाउपत्र सम्बन्धि आवस्यक जानकारी लिन सक्नेछन् ।

२. दरभाउपत्र फारम बुढिगण्डकी जलविद्‌युत आयोजना कार्यालय सिउरेनीटार गोरखाबाट मिति २०७७।०३।१० सम्म कार्यालय समय भित्र राष्ट्रिय बाणिज्य बैंकको जुनसुकै शाखाबाट खाता नं १०००२०००१०००० मा यस आयोजनाको कार्यालय कोड नं ३०८००३६०१ राजश्व शिर्षक नं. १४२२९ मा रकम रु. १०००।– (अक्षरेपी एक हजार मात्र) फिर्ता नहुने गरि दाखिला गरि सोको बैक भौचर कार्यालयमा बुझाइ खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्र फारम खरिद गर्न लिखित निवेदनका साथै कम्पनी / फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी र अघिल्लो आ.व.सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी समेत संलग्न गरि पेश गर्नु पर्नेछ ।

४. सिलबन्दि दरभाउ पत्र मिति २०७७।०३।११ गते १२:०० बजेसम्म बुढिगण्डकी जलविद्‌युत आयोजना कार्यालय सिउरेनीटार गोरखामा बुझाइसक्नुपर्नेछ । उल्लेखित समय पस्चात् प्राप्त भएका दरभाउपत्र उपर कुनै कारवाहि गरिने छैन ।

५. रितपुर्वक पेश हुन आएका सिलबन्दी दरभाउपत्र मिति २०७७।०३।११ गते दिनको ठिक २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बुढिगण्डकी जलविद्‌युत आयोजना कार्यालय सिउरेनीटार गोरखामा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

६. दरभाउपत्रको मान्य हुने अवधि दरभाउपत्र खोलेको ४५ पैतालिस दिनसम्म हुनेछ । दरभाउपत्र साथ रकम रु. १८०००।– (अक्षरेपी अठार हजार मात्र) को दरभाउपत्र खोल्ने मितिबाट ७५ दिन मान्य अवधि भएको बोलपत्र जमानत पेश गर्नुपर्ने छ । यदि दरभाउपत्रदाताले नगदै जमानत रकम जम्मा गर्न चाहेमा राष्ट्रिय बाणिज्य बैक गोरखा शाखामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय गोरखाको नाममा रहेको धरौटि खाता नं. ३०६०२०३०००००० मा यस आयोजनाको नाम तथा कार्यालय कोड ३०८००३६०१ मा सोहि रकम रु. १८०००।–(अक्षरेपी अठार हजार मात्र) नगद जम्मा गरि सोको बैक भौचर साथ दरभाउपत्र बुझाउन सक्नेछन ।

७. दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने / खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा विदा समाप्त भइ कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । त्यस्तो अवस्था पर्न गएमा बोलपत्र जमानतको मान्य अवधिमा कुनै हेरफेर हुने छैन ।

**फोन नं. : ०१०-४१६०८१ र ०१०-४१६०८२**

**वेव साईट : www.bghep.gov.np**